# मिति २०७८।०६।११ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय नं.१ :** यस नेपालगंज उप-महानगरपालिकाको सहयोगमा महिला उद्यमी संघ, बाँके द्धरा सञ्चालित कोशेली घरको नव निर्मित भवन र त्यसले चर्चेको जग्गा महिला उद्यमी संघलाई १५(पन्ध्र) वर्ष सम्म भोग चलनको अधिकार दिने र प्रत्येक ३ वर्षमा Reveiw गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :** यस नेपालगंज उप-महानगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी सम्बन्धी कार्यविधि- २०७५ को अनुसुची-५ को व्यवस्था बमोजिम योग्यता पुगेका तपसिलमा उल्लेखित व्यवसायीहरुलाई "घ" वर्गको दर्ता प्रक्रियाको लागि इजाजत दिने निर्णय गरियो ।

तपसिल

| क.सं. | व्यवसायीहरुको नाम | ठेगाना |
|---|---|---|
| १ | कार्की कन्सट्रक्सन | ने.उप.मनपा वडा नं. १८ बाँके |
| २ | ए.वि आर्किटेक्टस एण्ड इन्जिनियर्स प्रा.लि. | ने.उप.मनपा |
| ३ | मुर्तजा कन्सट्रक्सन | ने.उप.मनपा वडा नं. १९ बाँके |
| ४ | लहुरे कन्सट्रक्सन | ने.उप.मनपा वडा नं. १० बाँके |
| ५ | खैरावाङ विल्डर्स एण्ड सप्लायर्स प्रा.लि. | ने.उप.मनपा |

**निर्णय नं.३** नेपालगंज उप-महानगरपालिका वडा नं. १२ स्थित यस उप-महानगरपालिकाको योजना बाट सञ्चालित दुवै किनारा पक्की नाला सहित ६ मिटर पिच सडक बनाउने क्रममा उमादेवी शर्माको सम्पूर्ण जग्गा मिचिएको हुँदा निज उमादेवी शर्मालाई नेपालगंज उप-महानगरपालिका अर्न्तगत १२ नं. वडा कार्यालयवाट रु.५०,०००/- (अक्षेरुपी पचास हजार) र ~~रु.१५००००/-~~ यस उप-महानगरपालिकावाट रु.१५००००/-(एक लाख पचास हजार) क्षेतिपूर्ति दिने निर्णय गरियो ।

**निर्णय नं. ४:** पारिवारिक निजी वन संघ; नेपालले नेपालगंज उप-महानगरपालिकामा जिल्ला स्तरिय भेल गर्न लागिरहेको हुँदा आवश्यक सहयोग गरी पाँउ भनी पेश गरेको निवेदन माथि छलफल गर्दा निज पारिवारिक निजी वन संघ, नेपाललाई रु.१०,०००/- (अक्षेरुपी दश हजार) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ५ :** महालेखा परिक्षकको वाषिक प्रतिवेदन -२०७८ नगरकार्यापालिका वोर्ड वैठकमा पेश भई छलफल गरियो ।

**निर्णय नं.६ :** यस नेपालगंज उप-महानगरपालिका वडा नं. ८ स्थित महेन्द्र पार्कको उत्तर-पुर्व तर्फ कुनाको पर्खालले गर्दा सडकमा आवत गर्दा दुर्घटना हुने सम्भावना बढी भएकोले उक्त कुनाको पर्खाललाई भत्काई भित्रतिरको वाटोको कुना मिलाउने र बाउण्ड्री वाहिर तिर पि.सि.सि गर्ने निर्णय गरियो ।

# मिति २०७८।०६।११ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय नं. ७:** यस नेपालगंज उप-महानगरपालिकालाई संघिय समपुरक अनुदानवाट प्राप्त योजनाहरु समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ वमोजिम ठेक्का वाट सञ्चालन गर्ने र सवै वडा कार्यालयले मिति २०७८ असोज २० गते सम्म अनिवार्य रुपमा योजना सिफारिस गरी सक्नु पर्ने र प्राप्त योजनाहरु योजना शाखा/ प्राविधिक शाखाले कलस्टर गरी सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८:** यस नेपालगंज उप-महानगरपालिका वडा नं. १ र १८ स्थित वाटरपार्कलाई सौन्दरीकरण गर्न त्यहाँ रहेका पिल्लरहरु रंगरोघन गर्ने, अन्य भत्कीएको स्थानहरु मर्मत र सरसफाई गर्नको लागि लगभग रु. १५००००/-(अक्षेरुपी एक लाख पचास हजार) बजेट व्यवस्थापन गरी काम अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ९:** नेपालगंज उप-महानगरपालिका वडा नं. १० स्थित नक्सा इजाजत नलिई सडकबाटोको मापदण्ड विपरित सडकको अधिकार क्षेत्र भित्रको जग्गा च्यापी कुनै किसिमको अनुमति नलिई श्री उदय श्रेष्ठले निर्माण गरेको संरचना नियामानुसार हटाउने, भत्काउने निर्णय गरियो ।

**निर्णय नं.१०:** यस उप-महानगरपालिका वडा नं. १८ स्थित सोल्टी होटेलको प्रवेश द्धवार देखि "छ" कुने चोकसम्मको बाटो यस उप-महानगरपालिकाको ८०/२० योजना वाट निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं.११ :** नेपालगंज उप-महानगरपालिका वडा नं. २ स्थित सिग्नेट होटल पछाडी रहेको सार्वजनिक जगगामा ओलम्पियन पार्क निमार्णको क्रममा उक्त ठाँउ जानको लागि बाटो नभएकोले बाटो नकाल्ने क्रममा विस्थापित भएका हरभजन सिंह तथा घरवारी टोलको बाटो बिस्तारको क्रममा घरवार विहिन हुन पुगेकी प्रेम कुमारी पुनलाई होटेल सिग्नेटको पछाडीको ठाउँमा ५/५ धुर अईलानी जग्गा उपलब्ध गाराउने निर्णय गरियो ।

**निर्णय नं.१२ :** महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयवाट यस नेपालगंज उप-महानगरपालिका वडा नं. ६ स्थित मुस्लीम वसोवास रहेको रामनगर वस्तीलाई वहुआयमिक ग्राम वनाउने निर्णय भई आएको हुँदा उक्त नमुना ग्रामको DPR बनाउने निर्णय गरियो ।

**निर्णय नं.१३ :** नेपालगंज उप-महानगरपालिकालाई बाल विवाहा मुक्त नगर घोषणा गर्न र बालमैत्री वडा घोषण गर्नका लागिं आवश्यक बजेट नगर प्रमुख र नगर उप-प्रमुख संगको समन्वयमा विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४:** यस उप-महानगरपालिकाको विधायन समिति वाट पेस भई आएको **"विपद् राहत वितरण सम्बन्धी मापदण्ड, २०७८" र जग्गा रेखांकन कार्यविधि, २०७८"** स्वीकृत गर्ने निर्णय गरियो ।

# मिति २०७८।०६।११ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु

**निर्णय नं.१५:** यस उप-उपमहानगरपालिकामा आवश्यक व्यवसायी दर्ता कार्यविधि, भू-उपयोग ऐन, किशोरी विकास कार्यक्रम सञ्चालन कार्यविधि, वालगृह, आवसीय छात्रावास, पुर्नस्थापना गृह सञ्चालन कार्यविधि, लैङ्गिक समानता निति तथा कार्यान्वयन कार्याविधि, पूरुष सञ्जाल गठन तथा व्यवस्थापन लगायतका कार्यविधिहरु सम्बन्धित शाखाको समन्वयमा विधायन समितिलाई वनाउने जिम्मा दिने निर्णय गरियो ।